mofesc.lumbini@gmail.com

लुम्बिनी प्रदेश सरकार

# वन,वातावरण,पर्यटन तथा खानेपानी मन्त्रालय

राप्ती उपत्यका (देउखुरी), नेपाल



सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम स्वतः प्रकाशन गरिएको बिवरण

अवधि २०८०/०७/०१-२०८०/०९/३०

**स्वतःप्रकाशन**

नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हक सम्बन्धि ऐन, २०६४ को दफा ५ (३) र सूचनाको हक सम्बन्धि नियमावली, २०६५ मा प्रत्येक सार्वजनिकले आफ्ना गतिविधिहरुको बिवरण ३/३ महिनामा प्रकाशन गर्नु पर्ने कानूनी व्यवस्था बमोजिम देहायका सूचना सूचिकृत गरि प्रकाशन गरिएको छ ।

मन्त्रालयले आफ्नो नियमित बिवरण प्रकाशन गर्ने सिलसिलामा आर्थिक वर्ष २०८०/८१ कार्तिक,मंसिर, र पुष महिनामा सम्पादित कामको बिवरण प्रस्तुत गरएको छ ।

मिति २०८० माघ १० गते बुधबार

## १.मन्त्रालयको स्वरुप र प्रकृति

लुम्बिनी प्रदेशमा वन वन्यजन्तु जैबिक बिबिधता तथा वातावरण क्षेत्रको विकास,विस्तार र समृद्धि गर्ने जिम्मेवारी सहित यस मन्त्रालय स्थापना भई सञ्चालनमा रहेको छ। प्रदेश भित्रको वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन, वन, वनस्पति, वन्यजन्तु, जैविक विविधता , जलाधार सम्बन्धी नियमन र व्यवस्थापन, वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि र नियमन गर्ने यस मन्त्रालयको मुख्य जिम्मेवारी रहेको छ। साथै मन्त्रालयमा खानेपानी र पर्यटन समेत गाभिन आएको र यस्को स्थायी व्यवस्थापन हुने क्रममा रहेको छ।

## २. मन्त्रालयको काम,कर्तब्य र अधिकार

प्रदेश सरकार (कार्य विभाजन) नियमावली अनुसार यस मन्त्रालयको कार्यक्षेत्र अनुसारका मुख्य जिम्मेवारीहरू देहाय बमोजिम रहेका छन् ।

- प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन
- वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण
- वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन
- प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन
- जैविक विविधता पार्क,हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन
- जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा, तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन
- वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह
- वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग

- प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन
- प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थपन, नियमन, संरक्षण एवम् लाभांश बाँडफाँट
- प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन
- प्रदेशभित्र भूस्खलन नियन्त्रण
- प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन
- प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना
- प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार
- प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन
- प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा बिद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण
- प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन
- प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र सम्वर्द्धन
- प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिबृद्धि, वातावरणीय सुशासन तथा परीक्षण
- भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, बर्गीकरण, संरक्षण र व्यवस्थापन
- संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण
- अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षरोपण व्यवस्थापन
- वृक्षरोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन
- प्रदेशभित्र वृक्षरोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन
- प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन
- वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन आदी ।

## दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

### दीर्घकालीन सोच

वातावरणीय सन्तुलन कायम राख्दै रोजगारी र आयआर्जन हुनेगरी वन क्षेत्रको को दिगो व्यवस्थापन गर्दै जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक उत्पादन तथा प्रशोधन मार्फत अर्थतन्त्रमा योगदान।

### लक्ष्य

वनपैदावारहरूको समूचित प्रयोग, जैविक विविधता र जलाधारको समुचित संरक्षण, व्यबस्थापन र सदुपयोगबाट वातावरणीय सन्तुलन कायम गर्दै भूमि तथा जलको उत्पादकत्व अभिबृद्धि गरि रोजगारी र आयआर्जनमा वृद्धि गर्ने। जडिबुटी तथा तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक उत्पादन तथा प्रवर्द्धन गर्नुका साथै आय र रोजगारी बढाउने।

## उद्देश्य

- सम्बर्द्धन प्रणालीमा आधारित वन व्यवस्थापन द्वारा वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादन वृद्धि गर्नु
- जैविक विविधता र स्रोतको संरक्षणलगायत वातावरणीय सेवाबाट प्राप्त हुने लाभ वृद्धि गर्दै न्यायोचित वितरण सुनिश्चित गर्नु ।
- जडिबुटीहरूको तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक खेती गरी उत्पादन र उत्पादकत्व अभिवृद्धि सहित रोजगारी सिर्जना गर्नु।
- जडिबुटी तथा तथा गैह्रकाष्ठ वनपैदावारमा आधारित उद्योगहरूको स्थापना, मूल्य अभिवृद्धि तथा निर्यात प्रवर्द्धन गर्नु।
- दीगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गराउनु ।
- वनजन्य वस्तुको उत्पादन विस्तार र यसमा आधारित उद्योगहरू स्थापना गरी रोजगारी सिर्जना गर्नु।
- भू-स्खलन नियन्त्रण र भू-संरक्षण कायम गर्दै वातावरणीय सन्तुलन कायम गर्नु।
- जलवायू परिवर्तनका नकारात्मक प्रभाव न्यूनीकरण तथा अनुकूलन र विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्दै जल, जलस्रोत तथा भूमिको संरक्षणबाट भूमिको उत्पादकत्व वृद्धि गर्न जलाधार क्षेत्रको एकिकृत संरक्षण र व्यवस्थापन गर्नु ।
- हरित विकासको अवधारणा अनुरूप मानवीय क्रियाकलाप र विकास प्रक्रियालाई जलवायू परिवर्तन अनुकूलित गराउनु ।
- बढ्दो सहरीकरणबाट उत्सर्जित प्रदुषण न्यूनीकरण गराउनु ।

## रणनीति

१. वनसम्बन्धी प्रादेशिक नीति, कानून र उपयुक्त संरचना बनाउने।
२. विद्यमान वनक्षेत्र कायम राखीउत्पादकत्व वृद्धिका लागि वनको सहभागितामूलक, दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने।
३. जैविक विविधता र जलाधारको दिगो व्यवस्थापन र उपयोगमा स्थानीय समुदायको पहुँच वृद्धि गर्ने एवम् पर्यापर्यटनका आधार क्षेत्रहरूलाई पुन:स्थापना तथा पुन:निर्माण गर्ने।
४. जलवायु परिवर्तनका असर तथा वायू प्रदुषणलाई मध्यनजर राख्दै वातावरण संरक्षण गर्ने।
५. निजी तथा कृषि वन विकास तथा विस्तार गरी जलवायु परिवर्तन न्यूनीकरणमा योगदान गर्नुका साथै कृषकको आम्दानी तथा रोजगारीमा वृद्धि गर्ने ।
६. भौगोलिक विशेषता अनुरूप जडिबुटी तथा गैह्रकाष्ठ वनपैदावारको व्यावसायिक खेतीलाई प्रोत्साहन गर्ने।
७. जडीबुटी तथा गैह्रकाष्ठ वनपैदावारको लागि आन्तरिक र बाह्य बजार प्रवर्द्धन गर्ने।

## *कार्यक्षेत्र*

- वन, वन्यजन्तु, जैविक विविधता संरक्षण र व्यवस्थापन
- पर्या पर्यटन प्रवर्धन
- वातावरण तथा जलवायू परिवर्तन
- प्रशासन, योजना तथा अनुगमन
- भू तथा जलाधार व्यवस्थापन

- पर्यटन तथा खानेपानी
- अन्य नियमनकारी कार्यहरु

## ३. मन्त्रालयमा रहने कर्मचारी संख्या र कार्य विवरण

यस मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण

जम्मा कर्मचारी दरबन्दीः:४२

हाल जम्मा कार्यरत : २५ जना

दरबन्दी अन्तर्गत १५ जना, करारमा १० जना

रिक्त पद संख्याः१७

## ४. *मन्त्रालयबाट* प्रदान गरिने सेवा,प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारी,सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

४.१ मन्त्रालयबाट प्रदान गरिने सेवा

| प्रदान गरिने सेवाको किसिम | सेवा प्राप्त गर्न पेश गर्नुपर्ने बिवरण | सेवा प्राप्त गर्न लाग्ने | | सेवा दिने शाखा/ कर्मचारी |
|---|---|---|---|---|
| | | शुल्क | समय | |
| **प्रदेशको वन ब्यबस्थापनमा भएका समस्या तथा गुणासो ब्यबस्थापन** | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि ७ दिन देखि ३ महिना सम्म | बन ब्यबस्थापन तथा अनुगमन महाशाखा |
| **वातावरणीय जोखिम न्यूनिकरण तथा प्राकृतिक प्रकोप ब्यबस्थापन** | समूह/समितिको निर्णय(माइन्युट)को फोटोकपि, सम्बन्धित पालिका/ वडाको सिफारिश पत्र, सहितको निवेदन । | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | जैबिक बिबिधता महाशाखा र वातावरण शाखा |
| **जनशक्ति ब्यबवस्थापन तथा गुणासो ब्यबस्थापन** | लिखित/मौखिक अनुरोध | निशुल्क | प्राथमिकताको आधारमा ७ दिनमा गुणासो सम्बोधन तथा जनशक्ति ब्यबस्थापन बर्षभर | प्रशासन महाशाखा |
| **वातावरणीय अनुगम तथा वातावरणीय राजश्व संकलन** | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | वातावरण शाखा |
| **अध्ययन, अनुसन्धान प्रविधि विकास, सूचना प्रणाली तथा वनक्षेत्रका योजना निर्माण एवं ऐन तथा निर्देशिका निर्माण तथा कार्यान्वयन** | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा | योजना शाखा |

| | | | | |
|---|---|---|---|---|
| **क्षमता विकास, प्रचारप्रसार तथा अन्य प्राबिधिक सहयोग** | ,, ,, | निशुल्क | प्राथमिकताको आधारमा ७ दिन भित्र कार्य शुरु | सबै शाखा |
| **अन्य प्रशासनिक सेवा** | लिखित/मौखिक अनुरोध | निशुल्क | सेवाको प्रकृति हेरि तुरुन्तै | प्रशासन शाखा |
| **लेखा सम्बन्धि सेवा** | लिखित अनुरोध | निशुल्क | नियमानुसार तुरुन्तै | लेखा शाखा |
| **पर्यटन सम्बन्धि सेवा** | लिखित अनुरोध | निशुल्क | नियमानुसार तुरुन्तै | पर्यटन शाखा |

## ४.२ शाखा र जिम्मेवार अधिकारी

| क्रसं | महाशाखा/शाखा | कर्मचारी | पद | कैफियत |
|---|---|---|---|---|
| १ | | श्री मोहोन राज काफ्ले | सचिव | |
| २ | जैबिक बिबिधता तथा भूसंररक्षण महाशाखा | श्री कृष्णप्रसाद पौडेल | अधिकृत दशौं | |
| ३ | प्रशासन महाशाखा | श्री केशब अर्याल | अधिकृत नवौं | |
| ४ | वन ब्यबस्थापन तथा योजना महाशाखा | श्री कृष्णप्रसाद पौडेल | अधिकृत दशौं | |
| ५ | प्रशासन शाखा | श्री दिल कुमार ओली | अधिकृत सातौं | |
| ६ | वातावरण तथा जलबायु महाशाखा | श्री धनिश्वर न्यौपाने | अधिकृत आठौं | |
| ७ | जलबायू शाखा | श्री धनिश्वर न्यौपाने. | अधिकृत आठौं | |
| ८ | वन ब्यबस्थापन तथा उद्यम शाखा | श्री डिलाराम पौडेल | अधिकृत आठौं | |
| | | श्री रबिन्द्रनाथ खनाल | सहायक पाचौं | |
| ९ | तथ्यांङ्क शाखा | श्री रिनु क्षेत्री | अधिकृत सातौ | |
| १० | वातावरण शाखा | श्री निर्मल चौधरी | अधिकृत सातौ | |
| ११ | आर्थिक प्रशासन शाख | श्री चन्दन अर्याल | ले.अ.सातौं | |
| | | श्री जेदुराम पौडेल | सह–लेखापाल | |
| १२ | जैबिबक बिबिधता शाखा | श्री शान्ती शर्मा भुषाल | अधिकृत सातौं | |
| १३ | कानुन शाखा | | | हाल रिक्त |
| १४ | बजेट योजना तथा कार्यक्रम शखा | श्री मदन मोहन शाण्डिल्य | अधिकृत सातौं | |
| | | श्री केशर खड्का | अधिकृत छैठौं | |
| १५ | जिन्सि शाखा | श्री मनि बहादुर गुरुङ | सहायक पाँचौ | |

| | | | | |
|---|---|---|---|---|
| १६ | पर्यटन महाशाखा | श्री गणेश घिमिरे | अधिकृत आठौं | |
| १७ | पर्यटन महाशाखा | श्री कृष्णचन्द्र गिरी | अधिकृत छैठौं | |

### *५.निर्णय गर्ने प्रक्रिया र अधिकारी*

प्रचलित ऐन,नियम,निर्देशिका,कार्यविधि समेतको अधिनमा रहि सचिवबाट निर्णय हुने ।

### *६. निर्णय उपर उजुरी सुन्ने अधिकारी*

शाखाको सेवा प्रवाहमा महाशाखा प्रमुखले उजुरी सुन्ने र महाशाखा प्रमुखको सेवा प्रवाहमा सचिवले उजुरी सुन्ने ।

### *७. सम्पादन गरेको कामको विवरण*

*यस अवधिमा गरिएका मुख्य मुख्य कार्यहरुको विवरण निम्न बमोजिम रहेको ।*

१.उद्यम बिकास तथा प्रबर्धनका लागी उद्यमहरुको अनुगमन प्रकाशन

२. वन विज्ञान बिषयमा स्नातक तथा स्नाकोत्तर अध्ययन शोधपत्र अनुसन्धान सहयोग कार्यक्रम कार्यान्वयनको चरणमा रहेको ।

३.प्रदेश वन सेवाका कर्मचारीहरुको बिशिष्टताको पहिचानका लागी अलग्गै ड्रेसको व्यवस्था भएकोमा सो को प्रयोग र व्यवस्थापन सम्बन्धि कार्यबिधि राय तथा सहमतीका लागि अर्थ तथा गृह मन्त्रालयमा पठाइएको ।

४. वनक्षेत्र भएर बग्ने खोला खोल्सीको व्यवस्थापको कार्यबिधि राय तथा सहमतीका लागि अर्थ तथा गृह मन्त्रालयमा पठाइएको ।

५. निजि जग्गामा रहेका साल प्रजातीका रुखहरुको सदुपयोग सम्बन्धी कार्यबिधि मस्यौदा भइराखेको ।

६.अन्तरार्ष्ट्रिय स्तरको लोरेट एण्ड लिडर कार्यक्रम कार्यान्वयमा सहजिकरण भएको ।

### *८. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद*

| | |
|---|---|
| प्रमुखको नाम र पदः<br>मोहन राज काफ्ले<br>सचिव | सूचना अधिकारीको नाम र पदः<br>डिलाराम पौडेल<br>अधिकृतस्तर आठौं(प्रा.) |

### ९. ऐन, नियम,विनियम,निर्देशिकाको सूची

१. प्रदेश वन ऐन २०७८

२. प्रदेश वन नियमावली, २०७८

३ ,प्रदेश वातावरण संरक्षण ऐन २०७७

४. प्रदेश वातावरण संरक्षण नियमावली २०७७

५ वन समर्द्धन प्रणालीमा आधारीत वन व्यवस्थापन मापदण्ड २०७९

६ नदिजन्य पदार्थ व्यवस्थापन कार्यबिधि २०७५

## १०.स्वीकृत वार्षिक कार्यक्रम (आम्दानी,खर्च तथा आर्थिक कारोवार सम्बन्धि) र सो को प्रगति विवरणः

### २०८० पुष मसान्त सम्मको प्रगति विवरणः

### क.वन तथा वातावरण तर्फ

**वन तथा वातावरण तर्फको जम्मा अर्ध वार्षिक बित्तिय प्रगती**

| बजेट उपशीर्षक | खुद बजेट (०००) | खर्च (000) | खर्च % |
|---|---|---|---|
| वन तथा वातावरण मन्त्रालय | ४५७४५ | १२५९६ | २७.५४ |
| वन, वन्यजन्तु, जैविक विविधता संरक्षण तथा व्यवस्थापन कार्यक्रम | २००२८७ | २४९५६ | १२.४६ |
| जडिबुटी तथा गैरकाष्ठ वन पैदावार विकास कार्यक्रम | २५४०० | २०१४ | ७.९३ |
| भू-संरक्षण तथा जलाधार व्यवस्थापन कार्यक्रम | १४५१०० | ३६५०४ | २५.१६ |
| वन क्षेत्र भित्रका खोल्सा खोल्सी व्यवस्थापन कार्यक्रम | २०००० | ९३६ | ४.६८ |
| वातावरण तथा जलवायु अनुकूलन कार्यकम | ८४०० | ५०० | ५.९५ |
| वन उद्यम र पर्यापर्यटन प्रवर्द्धन कार्यक्रम | ३९५०० | १३९५ | ३.५३ |
| कृषि वन तथा बृहत्तर हरियाली प्रवर्द्धन कार्यक्रम | ११८२९० | १७५०४ | १४.८ |
| वन निर्देशनालय | २२४४२ | ७१६५ | ३१.९३ |
| डिभिजन वन कार्यालयहरु | ६३६६६६ | २५७१८८ | ४०.४ |
| भू तथा जलाधार व्यवस्थापन कार्यालयहरु | ३२२४४ | १३८९३ | ४३.०९ |
| वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र | १०४४३ | २६५९ | २५.४६ |
| नेपाल जलवायु परिवर्तन सहयोग कार्यकम(संघ शसर्त अनुदान) | ५०१०० | २९३ | ०.५८ |
| सम्वृद्धिका लागि वन(संघ शसर्त अनुदान) | २९०००० | ० | ०. |
| राष्ट्रिय वन विकास तथा व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ८५००० | ८५८८ | १०.१ |
| जडिबुटी विकास कार्यक्रम(संघ शसर्त अनुदान) | २२५०० | ३०२० | १३.४२ |
| वन तथा भू-संरक्षण विभाग(संघ शसर्त अनुदान) | ५६१०० | २५१०८ | ४४.७६ |
| वातावरण विभाग(संघ शसर्त अनुदान) | १९५०० | २८६७ | १४.७ |
| डिभिजन वन कार्यालयहरु (वन सुरक्षा सैनिक समेत)(संघ शसर्त अनुदान) | ६१५०० | ३१५२९ | ५१.२७ |
| जलाधार संरक्षण तथा सीमसार व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | ३२५०० | ७५९२ | २३.३६ |
| जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) | १५१००० | ० | ०. |
| **वन तथा वातावरण तर्फको जम्मा बित्तिय प्रगती** | **२०७२७१७** | **४५६३०७** | **२२.०१** |

**पर्यटन तर्फको अर्ध वार्षिक बित्तिय प्रगती**

| बजेट उपशीर्षक | खुद बजेट (०००) | खर्च (०००) | खर्च % |
|---|---|---|---|
| भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | ७९५८०० | ४७१० | ०.२१ |
| पर्यटन कार्यालयहरु | २७२९८ | ८८१५ | ३५.१६ |
| पर्यटन विकास परिषद् | ७०००० | ९१०० | १३ |
| जम्मा | ८९३०९८ | २२६२५ | २.५३३ |

**मन्त्रालयको समग्र बित्तीय प्रगती(पर्यटन समेत)**

| बिबरण | बजेट (०००) |
|---|---|
| खुद बजेट | २९६५८१५ |
| खर्च | ४७८९३२ |

कुल खर्च
१६.१५ प्रतिशत

भौतिक प्रगती
वन तथा वातावरण तर्फः-५७%
पर्यटन तर्फः-२८%

## मन्त्रालयको वित्तीय प्रगतीमा असर पर्नुका कारणहरु

- वल्ड बैंकको साहायतमा सन्चालित सम्वृद्धिका लागि वन(संघ शसर्त अनुदान) कार्यक्रमको बजेट २९ करोड मध्ये १७ करोड ३० लाखको मात्र खर्च सहमती प्राप्त भएकोमा उक्त रकम निर्देशनालय र डिभिजन वन कार्यालयहरुमा रकमान्तरका लागि अर्थ मन्त्रालयमा रहेकाले उक्त कार्यक्रमको प्रगती शुन्य रहेको ।
- जैविक विविधता तथा जलाधार व्यवस्थापन कार्यक्रम(संघ शसर्त अनुदान) ACESS परियोजनको १५ करोड १० लाख प्राप्त भएकोमा नेपाल सरकारबाट व्यहोर्नुपर्ने रकम प्राप्त नभएकाले खर्च गर्न रोक्का रहि प्रगती शुन्य रहेको ।
- अन्तरार्ष्ट्रिय स्तरको लौरेट एण्ड लिडर कार्यक्रमको विनियोजित रकम रु ६ करोड ५० लाख खर्च नभएकाले प्रगती शुन्य देखीएको ।
- भाषा, संस्कृति तथा पर्यटन प्रवर्द्धन कार्यक्रम तर्फ पर्यटन कार्यालयहरुको प्रगती निकै न्यून १ प्रतीशत भन्दा कम रहेको ।

उल्लेखीत कार्यक्रम बाहेक हेर्दा मन्त्रालयको बित्तीय
प्रगती:-३४.३१%

*११. तोकिए बमोजिमका अन्य विवरणः-* छैन

*१२. यस निकायको वेबसाईड भए सो को विवरणः-*:-**www.moitfe.lumbini.gov.np**

*१३. यस निकायले प्राप्त गरेको बैदेशिक सहायता,ऋृण,अनुदान एवं प्राविधिक सहयोग र संझौता सम्बन्धि विवरणः-*

- *यस प्रकारको सहयोग नभएको ।*

*१४.यस निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगतिः- बुँदा नं.१० मा उल्लेख गरिएको ।*

*१५. यस निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधिः-*

- *छैन ।*

*१६.यस निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिईएको विषयः-*

- *यस अवधिमा लिखित रुपमा कुनै सूचना माग नभएको तर मौखिक रुपमा माग भएका सूचनाहरु उपलब्ध गराईएको ।*

*१७. यस निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरणः-*

- *छैन ।*